
# लेखापरीक्षण प्रतिवेदन

## नवराजपुर गाउँपालिका, सिराहा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# नवराजपुर गाउँपालिका, सिराहा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/139

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
नवराजपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
नवराजपुर, सिरहा।

**कैफियत सहितको राय**

हामीले नवराजपुर गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान ( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड ९१ लाख ३३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १ लाख ९७ हजार र प्रशासकीय भवन निर्माणको रु. १२ लाख समेत गरी रु. ९ करोड ५ लाख ३० हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू. १३ करोड २३ लाख ८० हजार, समपूरक अनुदान रू. ५ लाख र विशेष अनुदान रू. ८० लाख समेत रू. १४ करोड ८ लाख ८० हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. ५ करोड २७ लाख ११ हजार बचत रहेको छ। उक्त बचत रकम मिति २०८१।६।२३ मा संघीय संचित कोषमा फिर्ता गरेको छ। सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ।
३. गाउँपालिकाको रु. ७९ करोड १७ लाख ६९ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ४७ लाख ३७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु. २३ हजारको बेरुजु फस्यौंट भई बाँकी बेरुजु प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु. ६ लाख ७२ हजार र पेस्की बाँकी रु. ३७ लाख ६३ हजार समेत यस वर्ष रू. १ करोड ४७ लाख १४ हजार बेरुजु कायम रहेको

छ। पालिकाको गत वर्षसम्म रु. १६ करोड २४ लाख ३५ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड ७१ लाख ४९ हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

४. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, जिन्सी निरीक्षण प्रतिवेदन पेश नभएको, तलबी प्रतिवेदन पारीत नभएको, आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश नभएको र आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५४ | ११ | १४७३६९१४ | १ | १ | २३१५२ | ० | ५३ | १० | १४७१३७६२ | ० | ६७२००० | १०२७८८८२ | ० | ० | १०९५०८८२ | ३७६२८८० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवराजपुर गाउँपालिका, सिरहा | १६२४३५००० | ० | ० | १६२४३५००० | ० | १४७१३७६२ | **१७,७१,४८,७६२** |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५८ | सामाजिक सुरक्षा भत्ताको निकासा फिर्ता | २३,१५२ |
| २ | २०८०/८१ | ३४ | पूर्व निर्धारित क्षतिपूर्ति | ० |

| | |
|---|---|
| जम्मा | २३,१५२ |

# (८०२१६५०४३०० - नवराजपुर गाउँपालिका, सिराहा )

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ३२.१८ वर्ग किलोमिटर जनसंख्या २०७८८ जना र सभासद संख्या २७ जना रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।२९ देखि २०८१।९।१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन तथा आय-व्यय तर्फको देहायबमोजिमको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

| नवराजपुर गाउँपालिका, सिराहाको आ.व. २०८०/०८१ को एकिकृत आय-व्यय विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं | आयतर्फ | व्ययतर्फ | | | | |
| | विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ८९,१३०,७०२.९४ | गाउँपालिका चालु खर्च | | २१७,२७५,९७४.३६ |
| | संचित कोष खाता ग-४-१ | ६,३१६,७४८.३८ | | समानीकरण अनुदान संघ | ३,४३३,२३३.०० | |
| | विविध खर्चखाता ग-२-७ | १,५५५,४२३.०० | | समानीरण अनुदान प्रदेश | ० | |
| | पुँजीगतखर्च खाता-जोर वर्ष ग-२-४ | ३४,२८१,९८१.५३ | | राजस्व बाँडफाँड संघ | ५४,७९७,९६४.०४ | |
| | चालु खर्चखाता-जोर वर्ष ग-२-२ | ४०,६३६,२९७.०३ | | राजस्व बाँडफाँड प्रदेश | २,१५०,०६१.०० | |
| | स्थानीय तहधरौटी खाता ग-३ | ६,३४०,२५३.०० | | आन्तरीक श्रोत | ७८,४८८,३४३.८४ | |
| २ | आन्तरिक राजस्व | | ६५,४५२,१९६.९१ | शसर्त अनुदान संघ (चालु) | ७६,८६३,०५८.४८ | |
| | क) आन्तरिक राजस्व | ४,३०९,२२९.६५ | | विशेष अनुदान संघ (चालु) | - | |
| | ख) राजस्वबाँडफाँड संघ | ५६,०३६,४३३.२६ | | मालपोत रजिष्ट्रेशन | १,५४३,३१४.०० | |
| | ख) राजस्व बाँडफाँड प्रदेश | २,४०६,४००.०० | | गाउँपालिका पुँजीगत खर्च | | ८९,२६०,३४६.०० |
| | ख) मालपोत रजिष्ट्रेशन | २,७००,१३४.०० | | समानीकरण अनुदान संघ | ६२,००४,३०३.०० | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २२०,२४५,०००.०० | समानीकरण अनुदान प्रदेश | ५,२४१,०९४.०० | |
| | क) वित्तिय समानीकरण अनुदान | ७४,८६५,०००.०० | | राजस्व बाँडफाँड संघ | - | |
| | ख) सशर्त अनुदान चालु पुँजीगत | १३२,३८०,०००.०० | | राजस्व बाँडफाँड प्रदेश | - | |
| | ग) समपूरक अनुदान | ५,०००,०००.०० | | आन्तरीक श्रोत | ५,३३२,२०४.०० | |
| | घ) विशेष अनुदान | ८,०००,०००.०० | | शसर्त अनुदान संघ (पुँजीगत) | १०,९६६,५९६.०० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ५,५२५,०००.०० | समपुरक अनुदान पुँजीगत-संघ | ४,८३८,९१६.०० | |
| | क) वित्तिय समानीकरण अनुदान | ५,५२५,०००.०० | | विशेष अनुदान संघ | - | |
| | ग) समपूरक अनुदान | ० | | सडक बोर्ड नेपाल (गा.पा. आन्तरीक श्रोत) | ८७७,२३३.०० | |
| | घ) विशेष अनुदान | ० | | विषयगतनिकायबाट प्राप्त | | ९०,५३१,११५.०० |
| | | | | क सामाजिकसुरक्षा | ८९,१३३,६१५.०० | |
| ५ | विषयगत निकायबाट | | ९०,५३१,११५.०० | ख) स्थानीय तह | १,२००,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्राप्त | | | प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | | |
| | क सामाजिक सुरक्षा | ८९,१३३,६१५.०० | | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १९७,५००.०० | |
| | ख) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | १,२००,०००.०० | | अन्य विविध आयतर्फको खर्च | | २,४२०,४३३.०० |
| | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १९७,५००.०० | | क) सडकबोर्ड नेपाल | २,४२०,४३३.०० | |
| ६ | अन्य विविध आय | | २,६५०,१७९.१४ | धरौटीफिर्ता | २,२८३,११२.०० | २,२८३,११२.०० |
| | क) सडक बोर्ड नेपाल | २,४२०,४३३.०० | | बैंकमौज्दात | | ७७,०२३,१७६.३१ |
| | ख) PLGSP | २२९,७४६.१४ | | स्थानीय तहसंचित कोष खाता | ७,०००,७८८.७० | |
| ७ | धरौटी आय | ५,२०४,९११.०० | ५,२०४,९११.०० | चालु खर्चखाता-बिजोर बर्ष | ४९,३१५,५१२.४७ | |
| ८ | अन्य आय (वैंक मौज्दान बढी देखिएको) | ३८९,३२०.६८ | ३८९,३२०.६८ | पुँजीगत खर्च खाता-बिजोर वर्ष | १०,५३६,८८७.०० | |
| | | | | विविध खर्चखाता | ९०७,९३६.१४ | |
| | | | | धरौटी खाता | ९,२६२,०५२.०० | |
| | | | | आन्तरीक अनुदान खाता | ० | |
| | | | | बाँडफाँटबाट प्राप्त राजस्व खाता | ० | |
| | | | | आन्तरीक राजस्व खाता | ० | |
| | | | | दाखिला हुन बाँकी कर र धरौटी दायित्व रकम | | ३३४,२६९.०० |
| | | | | कर दायित्व | १७३,५६३.०० | |
| | | | | धरौटी दायित्व | १६०,७०६.०० | |
| | जम्मा | ४७९,१२८,४२५.६७ | ४७९,१२८,४२५.६७ | जम्मा | ४७९,१२८,४२५.६७ | ४७९,१२८,४२५.६७ |

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम विक्री र मर्मत नभएको,
• गैर सरकारी संस्थाबाट भएको कामको लागत अनुमान स्वीकृत नभएको,
• पालिकाको स्वामित्वमा रहेको जग्गाको जग्गाधनी लालपुर्जालाइ पामसमा प्रविष्ट नगरेको,
• भ्रमण अभिलेख नराखेको र
• मर्मतअभिलेख र पदाधिकारी इन्धन खपतको अभिलेख नराखेको ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८९२६०३४६/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ८९१३३६१५ स्थानीय तह प्रशासनिक भवन पुर्वाधार विकास कार्यक्रमको रु १२०००००.०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु १९७५००/- समेत गरी जम्मा रु ९०५३१११५/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

५ **फरक हिसाब** –

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु १८१२०८०.९४ यस वर्षको प्राप्ति रु.३०४३७६०७०.३० यस वर्षको भुक्तानी रु २८७९०९२७९.३६र बैङ्क मौज्दात रु २९८८९७५४.२२फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७० | ७७३१८६२२.०० | ८५६२१६५२.४३ | ११३८६१७०१. | ४७४६७६९१.०९ |
| एकीकृत आर्थिक विवरण अनुसार | ८९१३०७०२.९४ | ३८९९९७७२२.७३ | ४०१७७०९८०.३६ | ७७३५७४४५.३१ |
| फरक | १८१२०८०.९४ | ३०४३७६०७०.३० | २८७९०९२७९.३६ | २९८८९७५४.२२ |

६ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस

पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन पेश गरेको छैन। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन प्राप्त गरी आन्तरीक नियन्त्रण प्रणालीलाई प्रभावकारी, भरपर्दो र विश्सनिय बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

७ **आयको अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय/व्यय अनुमान रु.४४७७११७३३.८४ गरेकोमा वास्तविक आय रु.४७९१२८४२५.१७ भएको देखाएको छ । आय अनुमानको तुलनामा बास्तविक आय १०७ % बढी देखिएकोले अनुमान यथार्थपरक भएन । २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३९७४६१७५१ | ४३०९२२९.६५ | १.०८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०८ प्रतिशत मात्र रहेको छ ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु.४४ करोड ७७ लाख ११ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएकोले सभाबाट पारीत गरेको ७ दिनभित्र प्रमुख प्रसाशकिय अधिकृतलाइ अख्तियारी प्रदान भएको देखिएको छ।

९ **तलवी प्रतिवेदन-**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य ऐन, २०५३ तथा शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई कर्मचारीको पारिश्रमिकमा जम्मा रु ५४६१४५८१/- खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने देखिएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१० **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २५८७००००.०० | १६०९६३४८.०० | ६२ |
| २ | पूर्वाधार विकास | ९०४०६०००.०० | ५१६३०७९०.०० | ५७ |
| ३ | सामाजिक विकास | १६५७५२०००.०० | १०९१६६७०२.०० | ६५ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७९७१६८३३.०० | ६९३१८१७९.०० | ८६ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ९५९६६९००.०० | ५९४४७०६७.०० | ६९ |
| जम्मा | | ४४७७११७३३.०० | ३०५६५९०८७.०० | ६८ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी रु.१६५७५२०००.०० अर्थात ३७ प्रतिशत र आर्थिक विकासमा सबैभन्दा घटी रु.२५८७००००.०० अर्थात ५.७७ प्रतिशत रहेको छ ।

११ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ४३०९२२९ राजस्व बाँडफाँड र अनुदानबाट रु ३८५६८८४९४ समेत रु ३८९९९७७२३ आम्दानी भएकोमा चालुतर्फ रु २१७२७५९७४ पूँजिगततर्फ रु ८९२६०३४६ र वित्तीय ब्यबस्थातर्फ रु ९५२३४६६० समेत रु ४०१७७०९८० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ४६७६२०० खर्च भएको छ । जुन आन्तरिक आयको ९२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५५ प्रतिशत चालु र २२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा देहाय बमोजिमको अनुदानको आम्दानी र खर्च भएको देखिन्छ। खर्च नभइ बांकी रकम रु ५२७११४२९.५२ मिति २०८१।६।२३ मा फिर्ता गरेको भौचर पेश भएको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त अनुदान चालु | ११८८८००००.०० | | ४२०१६९४१.५२ |
| | शसर्त अनुदान पूंजिगत | १३५००००००.०० | | २५३३४०४.०० |
| | विषेश अनुदान चालु | ८००००००.०० | | ८००००००.०० |
| | समपुरक अनुदान पूंजिगत | ५००००००.०० | | १६१०८४.०० |
| | अन्य | ० | ० | ० |
| प्रदेश सरकार | शसर्त पूंजिगत | ० | ० | ० |
| | विषेश चालु | ० | ० | ० |
| | विषेश पूंजिगत | ० | ० | ० |
| | जम्मा | | | ५२७११४२९।५२ |

१३ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत सम्भार, लिलामी गर्नुपर्ने विवरण उल्लेख गरेको देखिएन । तोकिएको अनुसार उल्लेख गरी मालसमानको नियमानुसार मर्मत लिलाम विक्री लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१४ **पालिकाको मेशिनरी उपकरण स्वामित्व हस्तान्तरण नभएको**

- पालिकाको नाममा रहेको सबै सवारी साधनहरु मेशिनरी उपकरण सेतो नम्बर पिलेटमा रहेको हुनु पर्ने र खरीद गरेका सबै सम्पति पालिकाको स्वामित्वामा रहेको हुनुपर्ने व्यवस्था छ। पालिकाको ग्यारेजमा पार्किङ्ग गरी राखेको सवारी साधनहरुको अवलोकन गरी हेर्दा आर्थिक वर्षा २०७५।७६ मा पि बि ग्लोबल ट्रेडर जनकपुरबाट रु ४००००००/- मुल्यमा खरीद भएको ग्रेडर मेशिनको कम्पनिको नाममा रहेको स्वामित्व हस्तान्तरण भइ जिन्सी दाखिला नभएको सेतो पिलेट नराखेको देखिएकोले स्वामित्व हस्तान्तरण गराइ जिन्सी दाखिला गरी सरकारी नम्बर पिलेट कायम गराइ सम्पतिको अध्यावधिक व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

१५ **दरबन्दी तथा पदपुर्ति** –

पालिकाको लागि संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालयबाट २०७५ सालमा स्वीकृत भएको दरबन्दी संरचना अनुसार विभिन्न पदमा के कति दरबन्दी प्राप्त भएको छ के कति पदपूति भए कति रिक्त छ भन्ने विवरण माग भएकोमा प्राप्त नभएकोले विश्लेषण गर्न सकिएन ।

१६ **अबकाश कोषको व्यवस्था**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहका कर्मचारीहरुले निजको सेवा शर्त बमोमजिम अवकास हुंदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निबृतिभरण औषधि उपचार लगायतका सेवा सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले यस्तो कोषको व्यवस्था गरेको देखिएन। कोषको स्थापना गरी भविश्यमा आर्थिक भार कम गर्न ऐनको पालना गर्नुपर्ने देखिन्छ।

१७ **पालिका अध्यक्षको सचिवालय-**

भौ.नं.३५।०८०।७।२, मधेश प्रदेश पदाधिकारी सम्बन्धि ऐन, २०७७ को अनुसूचि (क) मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुले पाउने सुविधाको व्यवस्था गरिएको छ । पालिकाको सेवा र सुविधा प्रदेश ऐन, २०७७ अनुसार पाउने देखिन्छ। पालिकाले कुनै नियम निर्देशिका बनाइ थप सुविधा लिन पाउने व्यवस्था कानुनमा भएको देखिंदैन। पालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) दिएको अधिकार प्रयोग गरी निर्देशिका बनाइ पालिकाको अध्यक्षको सचिबालयको व्यवस्था गरी देहाय अनुसारको कर्मचारी भर्ना गरी बार्षिक रु.६७२०००/- खर्च लेखेको नियमसंगत भएको नदेखिएको रु.

| पद र नाम | मासिक तलब | बार्षिक तलब |
|---|---|---|
| सल्लाहाकार श्री बादल प्रसाद यादब | २०००० | २४०००० |
| का.स श्री संजिब कुमार यादब | १८००० | २१६००० |
| का.स श्री कृष्ण कुमार यादब | १८००० | २१६००० |
| जम्मा | | ६७२००० |

| | |
|---|---|
| अनियमित भएको | ६,७२,००० |

१८ **करार कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लिखित पदहरु सहित २५ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१२१८६१०१ खर्च गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन ।

१९ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २४ र यो बर्ष थप भएको १०० गरी कुल १२४ विवाद दर्ता भएकोमा ८७ वटा फछर्यौट भई ३७ वटा मुद्दा फरफारक गर्न बांकी देखिन्छ ।

२० **विविध खर्चः**

– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविध खर्चमा रु १९९६०९३/- खर्च गरेको देखिएकोले यस्तो खर्च औचित्यको आधार आन्तरीक स्रोतको आधारमा खर्च गर्नु पर्दछ ।

२१ **आर्थिक साहेता-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाको बजेट पालिकाको दिगो विकास हुने किसिमका योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले अन्य सामाजिक सहायता दिने सम्बन्धमा कुनै कार्यविधि तयार गरेको देखिएन। कुनै कार्यविधि नबनाइ यो वर्ष रु.२१६६४५/- वितरण गरेको देखियो। यो बर्षको आन्तरिक आय रु.४३०९२३० रहेको छ। आर्थिक सहायता वितरण गर्दा आन्तरिक स्रोत समेतलाइ विचार गरी कार्यविधि तयार गरी वितरण गर्नुपर्दछ।

२२ **स्थानिय संचितकोष दाखिला नगरेको**

- पालिकाले आर्थिक वर्षको अन्तमा बांकी खाताहरुमा रहेको रकम स्थानीय संचित कोष खातामा ट्रान्सफर गरी शुन्य मौज्दात देखाउनु पर्नेमा देहायका बैंक खाताहरुमा रकम मौज्दात देखिएकोले नियमानुसार चालु र पूंजिगत खाताको रकम संचित कोष दाखिला गर्नुपर्ने देखिन्छ।

| **खाताको नाम** | **स्रेस्ता अनुसारको मौज्दात रकम** | **बैंक अनुसारको रकम** |
|---|---|---|
| आन्तरिक अनुदान खाता | ० | ० |
| चालु खाता विजोर वर्ष | ४९३१५५१२.४७ | ४९३१५५१२.४७ |
| पुंजिगत खाता विजोर वर्ष | १०५३६८८७.०० | १०५३६८८७.०० |
| विविध खर्च खाता | ९०७९३६ | ९०७९३६ |
| स्थानीय तह धरौटी खाता | ९२२०५२ | ९२२०५२ |
| स्थानीय तह संचित कोष खाता | ७०००७८८.७० | ७०००७८८.७० |
| **जम्मा** | **७७३५७४४५.३१** | **७७३५७४४५.३१** |

२३ **रकमान्तर**: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सिमाभित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाको बिनियोजन ऐन, २०८० मा रकमान्तरको प्रावधान रहेको छैन । सभाको निर्णय बमोजिम बिभिन्न शीर्षकमा (घटाउने रु.१ करोड २९ लाख ५० हजार र बढाउने

रु.१ करोड ३१ लाख ५० हजार) रू.१ करोड ३१ लाख ५० हजार अर्थात् कुल बजेट रू.३८ करोड ४८ लाख ४४ हजारको ३.४२ प्रतिशत रकमान्तर गरी खर्च गरेको देखिन्छ । अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

२४ **योजना संशोधनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना वनाई कार्यान्वियन गर्ने व्यवस्था रहेको छ । स्वीकृत योजनाको अनुगमन तथा मूल्याङ्कन समेत गर्नुपर्ने व्यवस्था छ । यस वर्ष सभाले २१ वटा योजना संशोधनको निर्णय गरेको छ । यस्तो संशोधन औचित्यताको आधारमा गर्नु पर्दछ । केहि उदाहरणहरुः

| सि.नं. | विवरण | रकमरु. |
|---|---|---|
| १ | सि.सि. क्यामरा खरिद तथा जडान | २०००००० |
| २ | एम्बुलेन्स खरिद कार्य | २३००००० |
| ३ | नवराजपुर गाउँपालिका अन्तर्गत विभिन्न सडक मर्मत कार्य | १०००००० |

२५ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

२६ **ठेक्का अभिलेखः**- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख आंशिक रुपमा भरी राखेको पाइयो । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

२७ **निर्माण कार्यमा गुणस्तर व्यवस्थापन** – यस स्थानीय तहले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा सडक निर्माणको कार्य गराउँदा निर्माण सामाग्री परीक्षणका लागि कोर कटर गराएको पाइएन । साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन । अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसमा सुधार गरी गुणस्तर व्यवस्थापनमा ध्यान गर्नु पर्दछ ।

२८ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

२९ **फर्छ्यौट हुन बांकी पेश्की**

- ३००।०८१।३।१३, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वीमा नविकरण वापत उद्यम विकास सहजकर्ता श्री भोगेन्द्र यादबलाइ रु.२०००००/- पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म फस्र्योट गर्नुपर्नेमा नगरेकोले म्याद नाघेको देखिएकोले फस्र्योट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | २,००,००० |

३० (१४-२०८०-९-१६):

**लागत अनुमान नभएकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (१) बमोजिम रु.१ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम खरिद गरे बापत रु.६८१३९० भुक्तानी गरेकोमा सो को लागत अनुमान

तयार गरेको छैन् । तसर्थ, लागत अनुमान बिना भुक्तानी भएको लागत यकीन गर्न सकिएन ।

| क्र.सं. | विवरण | भुक्तानी रु. |
|---|---|---|
| १ | मनकामना फेब्रिकेशन इन्जिनियरिङ्ग (पानी छर्कीने सवारी साधन थान १ खरिद) | ६८१३९० |

३१ **भेरिएसन आदेश:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । देहाय बमोजिम अमरावती निर्माण सेवालाई भेरिएसन आदेश कार्यपालिकाबाट निर्णय गराई निम्न आइटममा सम्झौता BOQ मा उल्लेख भएको भन्दा बढी भुक्तानी दिएको रु.६२९१५८ नियमसम्मत देखिएन ।

| भौ.नं. | आइटम विवरण | सम्झौता परिमाण | ईकाइ | भुक्तानी परिमाण | बढी भुक्तानी परिमाण | दर | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ८०।०८१।२।२० (बृद्धाश्रम निर्माण कार्य ३) | Brick work 1:4 | ५.५ | घ.मी. | १५.८८ | १०.३८ | १५००० | १५५७०० | १८९ % |
| | Grade 500 | ५०८३.७५ | Kg | ६५६२.७२ | १४७८.९७ | १५८ | २३३६७७ | २९ % |
| | Paneled shutter | ० | Sqm | १०.८ | १०.८ | १५५०० | १६७४०० | १०० % |
| **जम्मा** | | | | | | | ५५६७७७ | |
| **मू.अ.कर** | | | | | | | ७२३८१ | |
| **कूल जम्मा** | | | | | | | ६२९१५८ | |

३२ **प्रमाण पेश नभएकोः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानी कैफियतमा उल्लिखित प्रमाण कागजात बेगर भुक्तानी दिएको पाइयो । अतः बजेट खर्च रु.१२३००८५ को यथेष्ट प्रमाणका आधारमा भुक्तानी दिनु पर्दछ ।

| सि.नं. | भौ.नं.र मिति | नाम | विवरण | खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | १४। ०८०।९। १६ | मनकामना फेब्रिकेशन इन्जिनियरिङ्ग | पानी छर्कीने सवारी साधन थान १ खरिद | ६८१३९० | प्राविधिक जाँचपासको प्रतिवेदन पेश भएको पाइएन। |
| २. | १७७। ०८१।३। २४ | वाउण्ड्री वाल तथा मर्वा निर्माण कार्य | अधुरो अवस्थामा रहेको डिहीवार मन्दिरको वाउण्ड्री वाल तथा मर्वा निर्माण कार्य गेरुवाहा | ५४८६९५ | निर्माण कार्यको गुणस्तर सम्बन्धी चेकजाँच गराएको प्रमाण पेश भएको पाइएन। |
| **जम्मा** | | | | १२३००८५ | |

३३ **गत वर्षको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल, भरपाई बमोजिमको रकम आगामि वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा नगर सभावाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व.

२०७९।०८० मा भएको खर्चको म.ले.प.फा.नं.२२१ प्रमाणित देहाय अनुसारको कार्यपालिकाबाट निर्णय गराई रु.३६३१९३५ भुक्तानी दिन बाँकीको विवरण राखी खर्च गरेको छ । अतः उक्त खर्च सभाबाट स्वीकृत गरी गर्नु पर्दछ ।

| भौ.नं.र मिति | विवरण | खर्च रु. | कैफियत |
|---|---|---|---|
| ४।०८०।७।२३ | जगतपुर चोकदेखि मेन्ह हुँदै कुर्सण्डी सिमानासम्म माटो ग्राभेल कार्य | १७१०५१२ | राम जानकी कन्स्ट्रक्सन |
| ५।०८१।१।१३ | गेरुवाहा हुँदै महेश्वरी सिमासम्म सडक स्तरोउन्नती कार्य | १९२१४२३ | मोडर्न सिभिल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन |
| **जम्मा** | | **३६३१९३५** | |

३४ (४-२०८०-६-३०):

**पूर्व निर्धारित क्षतिपूर्ति**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३५ **कार्य सम्पन्न प्रतिवेदनः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलापमा क्रमागत भवन निर्माणको लागि निकासा भएको रकमबाट विद्यालय निर्माण गरी सो को कार्य सम्पन्न प्रतिवेदन संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत नमूना विद्यालयको भौतिक निर्माण कार्यको लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा छनौट भएको श्री जनता नमूना (प्राविधिक धार) मा.वि. सोनवर्षा ४ को लागि रु.१ करोड निकासा भएको छ । विद्यालय निर्माणसँग सम्बन्धित कागजात विद्यालयले पालिकामा पेश गरेको छैन । तसर्थ, विद्यालय निर्माणसँग सम्बन्धित रु. १,००,००,००० को कागजात नापी किताव, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजात पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

३६ **नन्फाइलर**–मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१९२८९२४ समेत रु. २३०३९४७१ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो । तसर्थ, कर समायोजनको प्रमाणपत्र पेश हुनु पर्दछ ।

| भौ.नं. र मिति | आपूर्तकको नाम | प्यान नम्वर | भुक्तानी रु. | मू.अ.कर रु. | नन्फाइलर | बीजक नं. |
|---|---|---|---|---|---|---|
| गाउँपालिका पूँजीगत | | | | | | |
| ४।०८०।६।३० | अङ्कित कन्स्ट्रक्सन | ३०२६०८४१२ | ३०६०७९९ | २४५८५९ | २०८०।T।२ | ०१ |
| ५।०८०।६।३० | आर.सि.निष्ठा कन्स्ट्रक्सन एण्ड सप्लायर्सप्रा.लि. | ६०९७३३८८२ | २८९७७६० | २३३३५९ | २०८१।M।१ | ०२ |
| ९।०८०।७।१ | रमण अटो मोबाइल्स सेन्टर | ६०६२५३८५५ | ५४३५९९ | ३१२६९ | २०८०।M।१२ | ११ |
| १४।०८०।९।१६ | मनकामना फेब्रिकेशन इन्जिनियरिङ्ग | ६०६४२९०३० | ६८१३९० | ७८३९० | २०८०।T।२ | ०४ |
| ३६।०८०।१२।४ | उषा इन्टरप्राइजेज | ३०२६०८८१४ | ५९९५००० | ४८२७८३ | २०७९।M।१० | ००३७७ |
| ४२।०८०।१२।१० | आर.डी. उदय जे.भी. | ६२०७५२१२५ | ३५०८००० | २८२५०३ | २०८०।M।९ | ०१ |
| ४४।०८०।१२।२७ | गोपीकृष्ण कन्स्ट्रक्सन | ६०६४८२४०० | ८४२२५९ | ६८३३१ | २०८०।T।२ | ०८ |
| ६९।०८१।२।११ | मानषा कन्स्ट्रक्सन | ६१३१६७४६२ | ९३८०९६ | ७५५४५ | २०८०।M।११ | ०७ |
| ११२।०८१।२।२८ | इवान कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. | ६१९७६२५८२ | ७८३७८२ | ६३११८ | २०८१।M।१ | ०२ |
| १५५।०८१।३।२४ | जगदम्बा सप्लायर्स | ६१२३६३२३८ | ९०९५२३ | १०४६३५ | २०८०।T।३ | ६७ |
| १५९।०८१।३।२४ | ओमपति निर्माण सेवा प्रा.लि. | ६०९७४६१५४ | ९४५७१३ | ७६१५९ | २०८०।T।३ | ०४ |
| १७०।०८१।३।२४ | आयुष हार्डवेयर एण्ड सप्लायर्स | ६१७००६१२९ | ११६२५०० | १३३७३८ | २०८१।M।१ | ६५ |
| शसर्त पूँजीगत | | | | | | |
| ४।०८०।१२।५ | पि.के. इन्जिनियरिङ्ग ट्रेडर्स प्रा.लि. | ६१०३७८८६७ | ७७१०५० | ५३२३५ | २०८०।T।३ | ११ |
| **जम्मा** | | | **२३०३९४७१** | **१९२८९२४** | | |

३७ **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । तर पालिकाले पूँजिगतवाट बिभिन्न सामाग्री खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई एकै प्रकृतिका वस्तु तथा सेवालाई बिभिन्न समयमा टुक्रा तथा लागत अनुमान समेत तयार नगरी प्रतिस्पर्धाबाट बञ्चित हुने गरी बिभिन्न आपूर्तकवाट कोटेशन मार्फत् रु.२४८१११२ को बिभिन्न सामाग्री खरिद गरेको नियमसंगत देखिएन।

| भौ.न ं.र मिति | आप ूर्तक | सामाग्री | भुक्तानी रु. |
|---|---|---|---|
| २।०८०।६।२६ | न्यू निरज स्टील फर्निचर उद्योग | सामूदायिक विद्यालयको लागि फर्निचर खरिद | ९९९८२४ |
| १०५।०८१।२।२८ | न्यू निरज स्टील फर्निचर उद्योग | विषयगत शाखाको लागि फर्निचर खरिद | ४९४३७५ |
| १०१।०८१।२।२८ | श्री निरज स्टील फर्निचर उद्योग | सामूदायिक विद्यालयको लागि फर्निचर खरिद | ९८६९१३ |
| **जम्मा** | | | **२४८१११२** |

३८ **उपभोक्ता समितिवाट भएका कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत् कार्य गराउन सक्ने व्यवस्था छ । स्वीकृत वार्षिक कार्यालयगत योजना वमोजिम २५ प्रतिशत भुक्तानी रकम समेटी नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको पाइएन।

ख) हेभि मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत् नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत ् गराएको छ,

ग) योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको पाइयो,

घ) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको देखिएन तथा आयोजना हस्तान्तरण गरेको देखिएन,

ङ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्य ालयले आयोजना कार्य सम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको पाइएन,

च) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचामा गरेको पाइएन । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको देखिएन,

छ) उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत् निर्माण गर्ने कार्य भएको छैन,

ज) उपभोक्ता समितिले आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन,

झ) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नु पर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुन सकेन,

ञ) उपभोक्ता समिति गठन गर्दा सम्वन्धित उपभोक्ता समितिका पदाधिकारी स्थान ीय वासिन्दा रहेको परिचय खुल्ने प्रमाण संलग्न नभएकोले सम्बन्धित सेवा स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराएको भनी एकिन गर्न सक्ने आधार भएन,

ट) केही उपभोक्ता समितिवाट कार्य गराउदा कार्यालयले आवश्यक कुराहरु खुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरेको वा उपभोक्ता समिति वा लाभग्राही समुदाय आफैंले निवेदन दिएको प्रमाण संलग्न देखिदैन । सार्वजनिक सूचना प्रकाशन भएकोमा समेत काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा व्यहोर्नु पर्ने रकम लगायतको विवरण खुलाएको देखिएन। यस्ता सूचना वा निवेदकको अलग्गै अभिलेख राखेको पाइएन,

ठ) उपभोक्ता समिति/लाभग्राही समुदाय प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाण पेश हुन सकेन। दर्ता वेगरका उपभोक्ता समितिवाट कार्य गराउने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ,

ड) कार्यालयले पेश गरेको लागत अनुमान एवम् प्राविधिक मूल्याङ्कनमा कहि कतै मिति उल्लेख नभएकाले लागत अनुमान स्वीकृति र समयमै कार्य भए नभएको सम्वन्धमा एकिन हुने आधार रहेन,

ढ) अधिकांश प्राविधिक मूल्याङक्न गर्दा नापी, ठेक्का, विल र कार्य सम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्य सम्पन्न भएको एकिन गर्न नसकिने हुँदा नापी र कार्य सम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी कितावको नम्वर उल्लेख गरी अलगै अभिलेख राख्नु पर्दछ ।

३९ **उपभोक्ता समिति दर्ता** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ ।

४० **उपभोक्ता समितिले बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३ (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाईरु.२० लाख वा सो भन्दा माथिको लागत अनुमान भएको वा कार्य गराउँदा अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट गरेपनि बीमा गरेको पाइएन । अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ ।

| क्र.सं. | उपभोक्ता समितिको नाम | लागत अनुमान रु. | भुक्तानी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | खानेपानी ट्युबेल खरिद तथा जडान कार्य उ.स.१ | २४२६५५१ | १८६६४७२ | |
| २. | आर.सि.सि.ढलान कार्य ४ | २२१४१८५ | १९०८४३२ | |

४१ **कन्टिन्जेन्सी खर्चः-** यस पालिकाले हरेक योजनामा न्युनतम ३ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । यसरी यस वर्ष कन्टिन्जेन्सीमा रु.११४१६२४ खर्च गरेको छ। आयोजनागत खर्च स्पस्ट हुने गरी अभिलेख खाता राख्नुपर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाइयो । तसर्थ, कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नुपर्दछ ।

४२ **लघु उद्यम कार्य्रकम**

गरिवी निवारण निर्देशिका २०७७ को बंदा नं. ३० मा उद्यमशीलता विकास तालिम,सीप विकास तालिम,प्रविधिको हस्तान्तरणको स्थलगत अध्ययन गरी तथ्याङ्ड तयार गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाबाट लघु उद्यम कार्यक्रमको लागि रु.बजेट खर्च भएको छ। तालिम संचालन पश्चात उद्यम सञ्चालन गरे नगरेको तालिममा सिकेको सीपको सदुपयोग आय आर्जन गरे नगरेको तथ्याङ्क तयार गर्नुपर्ने साथै प्रविधि हस्तान्तरण गरेपछि प्रविधिको सदुपयोग भए नभएको तथ्याङ्क तयार गर्नुपर्नेमा तयार गरेको छैन। यस्तै गरिवी निवारण निर्देशिका,२०७७ को बुंदा नं. ३१ मा उद्यमशीलता विकास तालिम, सीप विकास तालिम गरेका, प्रविधिको हस्तान्तरण गरेका स्रोत साधनको अभावको कारणले उद्यमीहरुले उद्यम सचालन गर्न आंशिक सहयोग गर्नु पर्दछ भन्ने व्यवस्था भएपनि यस बमोजिम कुनै काम भएको छैन। यसर्थ लघु उद्यमबाट नयाँ उद्यमीको विकास र नयाँ उद्यमहरुको सृजना भएको छ भन्ने यकिन हुने गरी तथ्याङ्क तयार हनुपर्दछ।

४३ **सार्वजनिक परिक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीयतहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले हरेक तीन महिनामा एकपटक सार्वजनिक सुनुवाई गरी सार्वजनिक सेवा प्रवाहको गुनासो सम्बोधनको लागि गुनासो सुन्ने अधिकारी नतोकेको, कार्यालयमा सेवाग्राहीकै गुनासकोका लागि गुनासोपेटीका समेत राखेको पाईएन । कानूनले तोकिएबमोजिम सार्वजिक सुनुवाई गर्ने, गुनासो सुन्ने अधिकारीको व्यावस्था गर्ने लगाएत कानूनले तोकेका कार्यहरु सम्पादन गरि आर्थिक कारोवारको जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन गर्नुपर्छ ।

४४ **समृद्धिका लागि वन परियोजना**

समृद्धिका लागि वन परियोजना कार्यक्रम अन्तर्गत पालिकालाई आर्थिक वर्ष २०८०।०८१ मा समुदायमा आधारित दिगो वन व्यवस्थापन तथा क्षमता अभिवृद्धी कम्पोनेन्ट कार्यक्रम संचालनका लागि बजेट रु.४७००००० व्यवस्था भएकोमा खर्च रकम रु.११३९४२० भएको छ । दिगो वन व्यवस्थापन कार्यक्रम अन्तर्गत वृक्षरोपण तयारी तथा मर्मत सुधार, सार्वजनिक समूह गठन तथा विधान तयारी गरि खर्च गरेको देखिन्छ ।

४५ **सामुदायिक विद्यालयको गुणस्तर**

सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सो को कार्यान्वयन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने ब्यवस्था छ । यस पालिकाले आ.वा.२०८०।०८१ मा बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन। अतः पालिकाले आफनो अन्तर्गतका विद्यालयहरुको गुणस्तर सुधार गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

४६ **शैक्षिक गुणस्तर**

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यबस्थापकीय एवं नेतृत्व क्षमता बढ़ाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेशागत विकासलाई सुद्धिढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । पालिकाले शैक्षिक गुणस्तर सुधारको कार्ययोजना बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा ध्यान दिनुपर्दछ ।

४७ **संस्थागत विद्यालयहरुको अनुगमन**

संघीय शासन प्रणाली अनुसार माध्यमिक तहसम्मको शिक्षास्थानीय तहको जिम्मेवारीमा पर्दछ। सामुदायिक विद्यालयहरुको क्षमता अभिवृद्धि गर्ने तथा संस्थागत विद्यालयहरुको अनुगमन गर्ने कार्य पालिकाको हो। पालिकाभित्र रहेका संस्थागत विद्यालय हरुको । पालिकाले सस्थागत विद्यालय अनुगमन मापदण्ड वनाएको तथा अनुगमन गरेको देखिएन।पालिकाले संस्थागत विद्यालयको अनुगमन नगरेको कारण संस्थागत विद्यालयहरुले बढी दरमा शुल्क लिएको तथा गरिब तथा जेहेनदार विद्यार्थीहरुको लागि छत्रवृति प्रदान गरे/नगरेको यकीन गर्न सकिएन। पालिकाले संस्थागत विद्यालय अनुगमन मापदण्ड निर्माण गरी संस्थागत विद्यालयको नियमित अनुगमन गर्नुपर्दछ ।

४८ **छात्रवृति वितरण**

शिक्षा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं ७.२.१.१ अन्तर्गत सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि छात्रवृति शीर्षक अनुसार बालबालिकाको विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न, गुणस्तर सुधार तथा सिकाई निरन्तरताको लागि छात्रवृतिको प्रबन्ध गरेको र यस क्रियाकलापमा अन्तर्गत स्थानीय तहका कार्यक्रममा स्वीकृत रकमको बाँडफाड गरि विद्यालयहरुलाई अनुदान उपलब्ध गराउने, स्थानीय तहले विगतदेखि आवाशिय छात्रवास संचालनमा रहेका विद्यालयको पहिचान गरि संचालनको अवस्था एवं विद्यार्थी संख्या यकिन गर्ने, छात्रवृति रकम उपलब्ध गराँउदा आवासमा बस्ने विद्यार्थीलाई प्राथमिकता दिई त्रैमासिक रुपमा छात्रवृति उपलब्ध गराउनुपर्ने, अन्य गैरआवाशिय प्रकृतिका छात्रवृति विद्यालयको मागको आधारमा तेस्रो त्रैमासिकमा विद्यालयहरुलाई अनुदान दिने र स्थानीय तहले विद्यालयले छात्रवृति वितरण गरेको भरपाई तथा सम्रग कार्यक्रमको प्रभावकारीता अनुगमन गर्नुपर्ने व्यावस्था रहेको छ । छात्रवृति कार्यक्रम अन्तर्गत २० वटा विद्यालयहरुलाई रकम निकासा गरकोमा पालिकाबाट

लाभग्राही विद्यार्थीले छात्रवृति रकम प्राप्त भए/नभएको सम्बनधमा अनुगमन भएको देखिएन । पालिकाले सो सम्बन्धमा आवश्यक अनुगमनको व्यावस्था गरी शैक्षिक सुधार तर्फ ध्यान दिनुपर्दछ ।

४९ **छात्रवृत्ति कार्यक्रम कार्यान्वयन**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

५० **विद्यालयको लेखापरीक्षण**

भौचर नं. १९०।२०८०।१२।२०, शिक्षा नियमावली, २०५९ मा सामुदायिक विद्यालयहरुले प्रत्येक बर्ष लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। विद्यालयको लेखापरीक्षणको लागि पालिकाले लेखापरीक्षक नियुक्त गरिदिने र लेखापरीक्षण प्रतिवेदन अनुसार कार्वाही गर्नुपर्दछ । पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष २०८०।०८१ मा विद्यालयको लेखापरीक्षण कार्यको लागि रकम रु.२१०००० विद्यालय संचालन तथा व्यावस्थापन अनुदान अन्तर्गत पालिकाले रकम निकासा गरेकोमा लेखापरीक्षणको गर्ने अवधिसम्म विद्यालयको लेखापरीक्षण भएको देखिएन। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको लेखापरीक्षण अवधिमा सम्पूर्ण विद्यालयको लेखापरीक्षण गर्नुपर्दछ।

५१ **फस्यौट हुन बाँकी पेश्की**

फस्यौट हुन बाँकी पेश्कीः भौचर नं ४।२०८०।०६।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष स्थानीय तह तर्फ स्वास्थ्य कार्यक्रम अन्तर्गत सर्पदंश केन्द्र एवं इमरजेन्सी सेवा संचालन तथा व्यवस्थापनको लागि प्राथामिक स्वास्थ्य केन्द्र नवराजपुरलाई यस वर्ष रु. ७५०००० ( अक्षरेपी सात लाख पचास हजार ) पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यमा पेश्की फछ्र्यौट हुनपर्नेमा भएको नदेखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रकम रु.. ७५००००/-

| | |
|---|---|
| पेश्की | ७,५०,००० |

५२ **सुपरीवेक्षण खर्च**

सुपरीवेक्षण खर्चः स्थानीय तहहरुबाट संञ्चालन गरिने स्वाथ्य तर्फका शशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन २०८०।०८१ अनुसार स्वाथ्य कार्यक्रम, दादुरा रुवेला खोप अभियान कार्यक्रम अन्तर्गत खोप कार्यक्रमको सुपरीवेक्षण गर्दा कार्यपालिकाका अन्तर्गतका जनप्रतिनिधिहरुलाई प्रतिदिन १००० का दरले २ दिनको रकम खर्च गर्न सकिने व्यवस्था छ । पालिका अन्तर्गतको दादुरा रुवेला खोप अभियान कार्यक्रम अन्तर्गत रकम रु. ५०० का दरले यातायात खर्च भुक्तानी गरेको देखिएकोले निर्देशिकाले तोकेको मापडण्ड बमोजिम सुपरीवेक्षक तथा अनुगमन कर्तालाई भुक्तानी गर्नुपर्दछ ।

५३ **नन् फाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तपशिलमा उल्लेखित फर्महरुबाट सामान खरिद गरि मू.अ.कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्महरु मू.अ कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो । फर्महरुले कर विवरण बुझाए नबुझाएको सम्बन्धमा एकिन गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

| पान नं | आपूर्ति कर्ताको नाम | भुक्तानी रकम रु | मू.अ. कर रकम |
|---|---|---|---|
| ६१००२८२३६ | बायोप्लस मेडिको प्रा.लि(Bioplus Medico Pvt.Ltd) | १०००९१ | १३०११ |
| भौ.नं १६।२०८०।०९।१७ | विक्रम सर्जिकल एण्ड सप्लायर्स(Bikram Surgical and suppliers) | ३१८५४ | ४१४१ |
| ६१८२२५६१३ | सोनी ट्रेडर्स एण्ड सप्लायर्स(Soni Traders And Suppliers) | ३५२१० | ४५७७ |
| ६१८२२५६१३ | सोनी ट्रेडर्स एण्ड सप्लायर्स(Soni Traders And Suppliers) | ९७३४६ | १२६५४ |
| जम्मा रकम रु. | | | ३४३८३ |

### ५४ निःशुल्क उपचार सहायता

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट भएको निःशुल्क उपचार सहायता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

### ५५ मूल्य अभिबृद्धि कर दाखिला नभएको

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ मा नेपालभित्र आपूर्ति हुने वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने तथा पालिकाले आन्तरिक आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर सहितको रकममा सम्झौता गरी ठेक्का लगाउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा देहायका आय ठेक्का बापत रु. ९१५७०४ आम्दानी गरी दाखिला गरेको विवरण देखिन्छ, सो को १३% ले हुने मूल्य अभिवृद्धि कर वापत रकम रु. १०५३४५ संघीय सरकारको खातामा दाखिला गर्नुपर्नेमा सो गरेको नदेखिएकोले नियमानुसार संघीय सरकारको खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रकम रु.

| पोखरीको नाम | ठेक्का नं. | सम्झौता गर्ने व्यक्तिको नाम | सम्झौता गर्ने व्यक्तिको ठेगाना | सम्झौता अवधि | चलान पूर्जि दिएको मिति | प्रस्तावदाताको कबोल रकम | पहिलो किस्ता वापत आ.व. ०८०/०८१ मा जम्मा गर्नुपर्ने रकम | पहिलो किस्ता वापत दाखिला भएको रकम | १३ % मू.अ. कर |
|---|---|---|---|---|---|---|---|---|---|
| चमार टोली पोखरी | ३४-२०८०/०८१ | सिताराम ताँती | भगवानपुर गाउँपालिका २ गम्हरीया | ३ वर्ष | २०८०/१०/११ | २५०००० | ६२५०० | ६२५०० | ७१९० |
| पुर्नी पोखरी | ७०-२०८०/०८१ | राम प्रसाद मलाह | नवराजपुर गा.पा.५ मेन्हा | ३ वर्ष | २०८०/१०/०७ | ७००००० | १७५००० | १७५००० | २०१३३ |
| साह तेलियानी पोखरी | १९-२०८०/०८१ | रमेश कुमार यादव | नवराजपुर गा.पा. १ ढेकहा | ३ वर्ष | २०८०/०८/२० | २०३००० | ५०७५० | ५०७५० | ५८३८ |
| मुस्लिम टोला पोखरी | १९-२०८०/०८१ | पल्टु साह हलुवाई | लहान २१, बेतहा | ३ वर्ष | २०८०/०८/२० | १५१००० | ३७७५० | ३७७५० | ४३४३ |
| चौधरी पोखरी(महादेव मन्दिर नजिक) | २२-२०८०/०८१ | मुशहरु मलाह | नवराजपुर गा.पा. २ मझौरा | ३ वर्ष | २०८०/०८/२० | २७०००० | ६७५०० | ६७५०० | ७७६५ |
| राम जानकी पोखरी | २३-२०८०/०८१ | मुशहरु मलाह | नवराजपुर गा.पा. २ मझौरा | ३ वर्ष | २०८०/०८/२० | ३०१५०० | ७५३७५ | ७५३७५ | ८६७१ |
| पुलवाला पोखरी-२ | ५५-२०८०/०८१ | राम लोचन शर्मा | नवराजपुर गा.पा. ५ देवनगर | ३ वर्ष | २०८०/०८/२० | १५३४०५ | ३८३५२ | ३८३५२ | ४४१२ |
| पुलवाला पोखरी-१ | ५४-२०८०/०८१ | राम लोचन शर्मा | नवराजपुर गा.पा.५ देवनगर | ३ वर्ष | २०८०/०८/२० | १५३४०५ | ३८३५२ | ३८३५२ | ४४१२ |
| कटहरवाला पोखरी | २६-२०८०/०८१ | संजय कुमार मुखिया | नवराजपुर गा.पा.५ मेन्हा | ३ वर्ष | २०८०/०८/२० | २४५००० | ६१२५० | ६१२५० | ७०४६ |
| जोगिया वाला पोखरी | २४-२०८०/०८१ | संजय कुमार मुखिया | नवराजपुर गा.पा.५ मेन्हा | ३ वर्ष | २०८०/०८/२० | २५५००० | ६३७५० | ६३७५० | ७३३४ |
| चार्फी पोखरी | ३३-२०८०/०८१ | संजय कुमार मुखिया | नवराजपुर गा.पा.५ मेन्हा | ३ वर्ष | २०८०/०८/२० | १५०००० | ३७५०० | ३७५०० | ४३१४ |
| गा.पा.भवन | ५३-२०८०/०८१ | सिंगार | नवराजपुर | ३ वर्ष | २०८०/१०/२८ | २१५००० | ५३७५० | ५३७५० | ६१८४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| नजिकको पोखरी | | देवी खत्वेनी | गा.पा. ४ | | | | | | |
| महराजी पोखरी | २०-२०८०/०८१ | भागवत मणडल | नवराजपुर गा.पा. २ | ३ वर्ष | २०८०/१०/१४ | ९४५०० | २३६२५ | २३६२५ | २७१८ |
| लवका पोखरी | ४१-२०८०/०८१ | राज कुमार यादव | नवराजपुर गा.पा.४ नवराजपुर | ३ वर्ष | २०८०/१०/१६ | ५२१००० | १३०२५० | १३०२५० | १४९८५ |
| जम्मा | | | | | | ३६६२८१० | ९१५७०४ | ९१५७०४ | १०५३४५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०५,३४५ |

५६ **निष्क्रिय खाता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसूची- ७ र ८ बमोजिम सामाजिक सुरक्षा विशेष बचत खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Domant) खाताको विवरण केन्द्रिय पञ्जिकरण विभागलाई दिनुपर्ने साथै अनुसूची- ८ को बूदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormant) खाताको विवरण सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । बैंकले पालिकाको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा Dormant खाताको विवरण पालिकालाई दिएको पाइएन । यसले गर्दा फिता हुनुपर्ने रकम फिर्ता भए नभएको सम्बन्धमा यकिन गर्ने सकिएन । कार्यविधिमा भएको व्यवस्था अनुसार पालिकाले उक्त बैंकसँग Dormant खाताको विवरण माग गरि कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।

५७ **सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १८ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन आगावै वितरण कार्य सम्पन्न गरि कारोवार बन्द गर्नुपर्ने, आर्थिक कारोवार बन्द भए पछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अध्यावधिक बैंक सँगको हिसाब मिलान गरि बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने, भत्ता वितरणको लागि निकासा भएको रकम सोहि आर्थिक बर्षमा खर्च नभएमा बाँकी फ्रिज रकम नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या अघिल्लो आर्थिक वर्षको ३३१२ यस आर्थिक वर्षमा नयाँ ईन्ट्रि भएको संख्या ५९३ र लगत कट्टा भएको संख्या ४४५ जम्मा लाभग्राही संख्या ३४६० रहेको र सामाजिक सुरक्षा भत्ता वापत रु.८९१३३६१५ निकासा भएको छ । आर्थिक वर्ष २०८०।०८१ मा ४४५ जनाको लगत कट्टा भएकोमा बैंकहरुले आर्थिक वर्षको अन्त्यमा सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको खाता लगतकट्टा पछि सरकारी कोषमा फिर्ता गर्नुपर्ने रकम फिर्ता गर्नुपर्ने भनी जानकारी दिएको छ पालिकाले आर्थिक वर्षको अन्त्यमा बैंक सँगको विवरण भिडान गरी फिर्ता गर्नुपर्ने रकम एकीन गर्नुपर्नेमा बैंकबाट स्टेटमेन्ट माग गरि भिडान नगरेको कारण सो बैंकले कति रकम फिर्ता गर्नुपर्ने सम्बन्धमा एकिन हुन सकिएन। यसर्थ, बैंकबाट निस्क्रिय खाताको एकिन सहितको बैंक स्टेटमेन्ट समेतलाई भिडान गरी बाँकी फिर्ता गर्नुपर्ने रकम एकिन गरि संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

५८ **सामाजिक सुरक्षा भत्ताको निकासा फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२३,१५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९ **पारदर्शिता र जवाफदेहिता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा 32 अनसारस्थानीय तहहरुले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भताको दर, प्राप्त हुने बैड्क र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया स्थानीय सामाजिक

संस्था,गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचारप्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानीयतहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राखुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढड़गबाट भएको छ छैन भन्ने सम्बन्धमा एकिन हुन सकिएन कार्यविधिले निर्धारण गरेको प्रकृया अबलम्बन गरि सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी बनाउनुपर्छ ।

६० **अनुगमन**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याडकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा पालिकामा समिति गठन भएको छैन । पालिकाले कार्यविधि परिपालनामा ध्यान दिनुपर्छ ।

६१ **दाखिला गर्न बांकी कर**

-पालिकाले गोश्वरा भौचर र बैक नगदी किताबमा क्रेडिट गरी दायित्वमा राखेको कर आन्तरीक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेमा पालिकाले कर दायित्व वा कर दाखिला हुन बांकी भनी रु १७३५३७/- एकिकृत विवरणमा मौज्दात देखाएको देखिएकोले आन्तरीक राजस्व कार्यालय दाखिला गरेको प्रमाण पेश हुनु पर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७३,५३७ |

६२ **ननु फाईलर**

- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.४००९२६ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ति फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो । यसरी उक्त कारोवार रकमको कर समायोजनको प्रमाणपत्र पेश हुनुपर्ने देखिन्छ ।

| भौ.नं. र मिति | आपूर्तकको नाम | पान नं | विलरकम | मु.अ.कर रु. | नन्फाइलर |
|---|---|---|---|---|---|
| २८।०८०।७।१ | उषा इन्टर प्राइजेज राजविराज | ३०२६०८८१४ | २१४८८ | २७९३ | ०७९माघ |
| ७९।०८०।८।२० | उषा इन्टर प्राइजेज राजविराज | ३०२६०८८१४ | १५०७४ | १९५९ | ०७९माघ |
| ७९।०८०।८।२० | उषा इन्टर प्राइजेज राजविराज | ३०२६०८८१४ | २०००० | २६०० | ०७९माघ |
| ७९।०८०।८।२० | उषा इन्टर प्राइजेज राजविराज | ३०२६०८८१४ | १९९१० | २१९८ | ०७९माघ |
| २५०।०८१।२।२२ | उषा इन्टर प्राइजेज राजविराज | ३०२६०८८१४ | १८२९७ | २३७८ | ०७९माघ |
| २५०।०८१।२।२२ | उषा इन्टर प्राइजेज राजविराज | ३०२६०८८१४ | १६३३१ | २१२३ | ०७९माघ |
| ३९४।०८१।२।२८ | उषा इन्टर प्राइजेज राजविराज | ३०२६०८८१४ | १६९४९ | २२०३ | ०७९माघ |
| ३९४।०८१।२।२८ | उषा इन्टर प्राइजेज राजविराज | ३०२६०८८१४ | १६८९५ | २१९६ | ०७९माघ |
| ३९४।०८१।२।२८ | उषा इन्टर प्राइजेज राजविराज | ३०२६०८८१४ | ११०४७ | १४३६ | ०७९माघ |
| १०५।०८०।९।२४ | महेश वर्कसप धनगढीमाइ न.पा सिरहा | ६१५७२७७६३ | ८७००० | ११३१० | ०८० कार्तिक |
| १४०।०८०।११।६ | सोनी टेडर्स एण्ड सप्लायर्स लहान | ६१८२२५६१३ | ५५८५० | ७२६० | ०८० माघ |
| १४०।०८०।११।६ | सोनी टेडर्स एण्ड सप्लायर्स लहान | ६१८२२५६१३ | ५०६५० | ६५८४ | ०८० माघ |
| १४०।०८०।११।६ | सोनी टेडर्स एण्ड सप्लायर्स लहान | ६१८२२५६१३ | ६१२०० | ७९५६ | ०८० माघ |
| ३५७।०८१।२।२८ | एस पि टेडर्स एण्ड सप्लायर्स लहान | ६००८६६६५१ | २७६७५० | ३५९७७ | ०८१ बैशाख |
| ३५७।०८१।२।२८ | एस पि टेडर्स एण्ड सप्लायर्स लहान | ६००८६६६५१ | २१८९५० | २८४६३ | ०८१ बैशाख |
| ३५७।०८१।२।२८ | एस पि टेडर्स एण्ड सप्लायर्स लहान | ६००८६६६५१ | १६२१०० | २१०७३ | ०८१ बैशाख |
| ३७०।०८१।२।२८ | चौधरी टेड्र्स लहान | ६१९१००५३५ | ४३४०५० | ५६४२६ | ०८० कार्तिक |
| ३७०।०८१।२।२८ | चौधरी टेड्र्स लहान | ६१९१००५३५ | ४४२५६० | ५७५३२ | ०८० कार्तिक |
| १२१।०८०।।११।२ | नित्य एडुकेशनल एण्ड हेल्थ कन्सल्ट्यान प्राली तारकेश्वर काठमाण्डौ | ६१०३०३५३३ | ८७६७४९ | ११३९७७ | ०८० चैत्र |
| ४४६।०८१।३।२४ | लोकेश पुस्तक स्टेशनरी पसल गोलबजार सिरहा | ६०८६८४६४ | २६५२५० | ३४४८२ | ०८१ बैशाख |
| | जम्मा | | ३०८७१०० | **४००९२६** | |

६३ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) बमोजिम पेश्की लिने सरकारी कर्मचारी, पदाधिकारी वा संस्थाले म्यादभित्र पेश्की फर्स्यौट गर्नुपर्नेमा यस वर्ष निम्न ठेकेदारले तोकिएको कामको लागि पेश्की लिई फर्स्यौट नगरेकोले फर्स्यौट गर्नुपर्ने रु.

| सि.नं. | पेश्की लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु. |
|---|---|---|---|---|
| **म्याद नाघेको पेश्की** | | | | |
| १ | अंकित कन्स्ट्रक्सन | | कृषि भवन निर्माण | १२६०००० |
| २ | आर.सि.निष्ठा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | | वडा कार्यालय भवन निर्माण | १५५२८८० |
| **जम्मा** | | | | **२८१२८८०** |
| **म्याद ननाघेको पेश्की** | | | | |
| १ | आर.डी. उदयजे.भी. | | प्रशासकीय भवन निर्माण | ८७९२००० |
| **जम्मा** | | | | ८७९२००० |
| **कूल जम्मा** | | | | **११६०४८८०** |

| | |
|---|---|
| पेश्की | २८,१२,८८० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : नवराजपुर गाउँपालिका, सिराहा , नवराजपुर गाउँपालिका , सिराहा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Raj Kishor Sah | २०७८-१२-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सोम प्रसाद आचार्य | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २३,१५२ | ६७२,००० | १०,२७८,८८२ | ० | ० | ३,७६२,८८० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १४,७३६,९१४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २३,१५२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १४,७१३,७६२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८९१३०७०२.९४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २२०२४५००० | **चालु खर्च** | २१७२७५९७४.१९ |
| **प्रदेश सरकारबाट अनुदान** | ५५२५०००.० | **पूँजीगत खर्च** | ८९२६०३४६ |
| **राजश्व बाँडफाँट** | ६११४२९६६ | **वित्तीय/अन्य व्यवस्था** | ९५२३४६६०.१७ |
| **आन्तरिक आय** | ४३०९२२९.७५ | | |
| **अन्य आय** | ९८७७५५२६.९८ | | |
| **कुल आय** | ३८९९९७७२२.७३ | **कुल खर्च** | ४०१७७०९८०.३६ |
| **बाँकी मौज्दात** | | ७७३५७४४५.३१ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पूँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नहुने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।